## सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

(२०७८ कार्तिक १ गतेदेखि २०७८ पुस मसान्तसम्म)




नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

## १. निकायको स्वरुप र प्रकृति

नेपालमा श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सृजना, रोजगारीका लागि सीपयुक्त आवश्यक जनशक्तिको विकास, श्रमको क्षेत्रमा सामाजिक सुरक्षा र व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन, बालश्रम निवारण लगायतका काम मन्त्रालयबाट हुँदै आएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु र वैदेशिक रोजगारबाट आर्जित सीप, प्रविधि र पुँजीको उपयोगबाट आन्तरिक रोजगारी प्रवर्द्धन गर्नु पनि यस मन्त्रालयको जिम्मेवारी रहेको छ ।

मन्त्रालयको स्थापना हुनु अघि वि.सं.२०२८ मा श्रम सम्बन्धी मामिला हेर्न उद्योग मन्त्रालय अन्तर्गत श्रम विभागको स्थापना भएको थियो । श्रम विभाग स्थापना भएको एक दशक पछि वि.सं. २०३८ मा श्रम तथा समाजकल्याण मन्त्रालयको स्थापना भयो । नेपाल सरकारको कार्यविभाजन नियमावली परिवर्तन भई वि.सं.२०५२ मा समाज कल्याणको क्षेत्र अलग गरी श्रम मन्त्रालय मात्र कायम भएकोमा वि.सं.२०५७ मा यातायात व्यवस्थापनको क्षेत्र समेत समायोजन भइ श्रम तथा यातायात व्यवस्था मन्त्रालय कायम हुन गयो । यसै क्रममा वि.स.२०६९ मा यातायात व्यवस्थाको क्षेत्र अन्यत्र लगि श्रम तथा रोजगार मन्त्रालय नामाकरण भयो । पुनः वि.सं. २०७४ मा कार्यक्षेत्र विस्तार भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय कायम भएको छ ।

## २. निकायको काम, कर्तव्य र अधिकार

नेपाल सरकार (कार्यविभाजन) नियमावली,२०७४ अनुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः

क. श्रम तथा रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
ख. वैदेशिक रोजगार सम्बन्धी नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन,
ग. श्रमिक तथा कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
घ. औद्योगिक विवाद समाधान,
ङ. रोजगार सम्बन्धी तथ्यांक, अध्ययन र अनुसन्धान,
च. श्रम तथा व्यवसायजन्य सुरक्षा निरीक्षण र श्रम सम्बन्ध सम्बन्धी आयोग,
छ. रोजगार उन्मुख सीपमूलक एवम् व्यवसायिक तालिम नीति,
ज. ट्रेडयुनियन सम्बन्धी एकिकृत कानून र नियमन,
झ. बालश्रम निवारण सम्बन्धी नीति र कानून,
ञ. व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सम्बन्धी नीति, कानून र मापदण्ड,
ट. विदेशीहरुका लागि श्रम स्वीकृति,
ठ. श्रम सहचारी,
ड. बेरोजगार सम्बन्धी एकिकृत तथ्यांक व्यवस्थापन, अध्ययन र अनुसन्धान,
ढ. मन्त्रालय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
ण. मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

## ३. निकायमा रहेका महाशाखा एवं शाखा र तिनको कार्य विवरणः

यस मन्त्रालय अन्तर्गत प्रशासन महाशाखा, श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखा र रोजगार व्यवस्थापन महाशाखा रहेका छन् । प्रशासन महाशाखा अन्तर्गत प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा र कानून तथा फैसला कार्यान्वयन शाखा रहेका छन् । श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखा अन्तर्गत श्रम सम्बन्ध शाखा, बाल श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा, श्रमिक कल्याण शाखा र सीप विकास तथा तालिम शाखा रहेका छन् । त्यसैगरी रोजगार व्यवस्थापन महाशाखा अन्तर्गत वैदेशिक रोजगार व्यवस्थापन शाखा र रोजगार समन्वय तथा सूचना शाखा रहेका छन् । यी महाशाखा एवं शाखाहरुको कार्य विवरण देहाय बमोजिम रहेको छः-

**(क) <u>प्रशासन महाशाखा</u>**

- आन्तरिक प्रशासन र कर्मचारी प्रशासनसम्बन्धी कार्यहरु गर्ने गराउने,
- निजामती सेवा ऐन, नियमावली अनुसार कर्मचारीहरुलाई दिइने सुविधा, पुरस्कार र विभागीय सजाय सम्बन्धी काम गर्ने गराउने,
- मन्त्रालयको संगठन संरचना, दरवन्दी, कर्मचारी कार्य विवरणसम्बन्धी काम गर्ने गराउने,
- काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्तिसम्बन्धी कार्यहरु गर्ने गराउने,
- स्वदेशी तथा विदेशी छात्रवृत्ति एवं वैदेशिक भ्रमणका लागि संभाव्य उम्मेदवारको सूची तयार गरी रायसाथ पेश गर्ने गराउने,
- मन्त्रालय अन्तर्गतको सार्वजनिक खरिदसम्बन्धी कार्यहरु गर्ने गराउने,
- वार्षिक प्रतिवेदन तथा मन्त्रालयस्तरका अन्य प्रकाशन, प्रसारण तथा वितरण सम्बन्धी कार्यहरु गर्ने गराउने,
- महाशाखासँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय सम्पर्कसम्बन्धी कार्यहरु गर्ने गराउने,
- महाशाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने गराउने,
- सूचना अधिकारी तथा विभिन्न निकाय एवंम् विषयगत सम्पर्क बिन्दुको काम गर्ने गराउने,
- अन्तर महाशाखा,शाखा र विभाग बीच समन्वय प्रणाली स्थापनासम्बन्धी कार्यहरू गर्ने गराउने,
- मन्त्रालयको कार्यक्षेत्रसम्बन्धी नीति, योजना, वार्षिक कार्यक्रम, बजेट तर्जुमाको समन्वय, अनुगमन, मूल्याङ्कन र आवधिक समीक्षासम्बन्धी कार्य गर्ने गराउने,
- मन्त्रालय र अन्तर्गत नियमित तथा बैदेशिक सहायताबाट संचालन हुने आयोजना/कार्यक्रमहरुको तर्जुमा गर्ने एवम् कार्यान्वयनका सम्बन्धमा उक्त कार्यक्रमहरु तथा सम्बन्धित कार्यालयहरुको अनुगमन मूल्यांकन गर्ने गराउने,
- आर्थिक प्रशासनसम्बन्धी कार्यहरु गर्ने गराउने,
- बेरुजुको लगत अद्यावधिक गर्ने, गर्न लगाउने तथा फछ्यौट गर्ने गराउने,
- मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, निर्देशिका तथा कार्यविधिहरुको तर्जुमा तथा परिमार्जन सम्बन्धी कार्य गर्ने गराउने,
- अदालतबाट भएका फैसला तथा आदेशको कार्यान्वयनसम्बन्धी कार्य गर्ने गराउने,

- मन्त्रालयलाई विपक्षी बनाई परेका रिट,निवेदन र मुद्दाहरुको प्रतिरक्षा गर्ने गराउने,
- प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी गर्नुपर्ने आवश्यक कार्यहरु गर्ने गराउने ।

१. **प्रशासन शाखा**

- मन्त्रालय र अन्तर्गतको कर्मचारी प्रशासन तथा जनशक्ति विकाससम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको संगठन संरचना, दरवन्दी सृजना, कर्मचारीको कार्य विवरण, नियुक्ति, पदस्थापन, अधिकार प्रत्यायोन,सरुवा, काज,बढुवा, विदा,सम्पत्ति विवरण,कार्य सम्पादन मूल्याङ्कन,अवकाशसम्बन्धी कार्यहरु गर्ने,
- मन्त्रालय र अन्तर्गतका कर्मचारीहरुको अभिलेख अद्यावधिक गर्ने,
- व्यवस्थापन परीक्षणसम्बन्धी कार्यको समन्वय तथा सहजीकरण गर्ने,
- कर्मचारीहरुलाई दिइने सुविधा, पुरस्कार र विभागीय कारवाही तथा सजायसम्बन्धी कार्य गर्ने,
- स्वदेशी तथा विदेशी छात्रवृत्ति, तालिम, गोष्ठी आदिमा कर्मचारी मनोनयनको लागि सिफारिस तथा विदा स्वीकृतिका निम्ति पेश गर्ने,
- मन्त्रालयभित्र परिवहन तथा सञ्चार व्यवस्थापन गर्ने,
- मन्त्रालय र अन्तर्गतका निकयहरूको लागि घरजग्गा र भवनको व्यवस्थापन गर्ने,
- मन्त्रालयको भौतिक साधनहरुको स्याहार, सम्भार, मर्मत,सरसफाई,कार्यालय विन्यास तथा संरक्षण लगायत जिन्सी व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- मन्त्रालय भित्र कागज धुल्याउने तथा लिलामीसम्बन्धी व्यवस्था गर्ने,
- उजुरी तथा गुनासो सुनुवाईसम्बन्धी कार्य गर्ने,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतकर्ता केन्द्र, राष्ट्रिय सूचना आयोगसंगको सम्पर्क, समन्वय एवं सुशासन ईकाइको रुपमा कार्य गर्ने,
- खरिद ईकाइ गठन तथा व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- पुस्तकालय व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- मन्त्रालय र अर्न्तगतका केन्द्रीय निकायहरुको स्रोतसाधनसम्बन्धी विवरण अद्यावधिक गर्ने,
- मन्त्रालय अर्न्तगतका निकायहरुको निरीक्षण, सुपरिवेक्षण र अनुगमनसम्बन्धी व्यवस्थापन गर्ने,
- कर्मचारी बैठकसम्बन्धी कार्य गर्ने
- शाखासँग सम्बन्धित कामको अभिलेख व्यवस्थापन गर्ने,
- विषयगत निकायहरुको सम्पर्क बिन्दु भई काम गर्ने,
- विषयगत सम्पर्क अधिकारी तोक्न पेश गर्ने,
- मन्त्रालयको स्रोत साधन तथा प्रकाशन वितरणको व्यवस्थापन गर्ने,
- तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

२. **नीति, योजना,अनुगमन तथा मूल्याङ्कन शाखा**

- मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित नीति तर्जुमा तथा विश्लेषण गर्ने,
- वार्षिक,आवधिक तथा दीर्घकालीन रणनीतिको तर्जुमा,समन्वय,कार्यान्वयन अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्य गर्ने,
- आर्थिक प्रशासन शाखाको समन्वयमा वार्षिक कार्यक्रम अनुसार आर्थिक वर्षको साधारणतर्फको अनुमानित बजेट तयारी र स्वीकृतिको लागि पेश गर्ने,
- मन्त्रालय र अन्तर्गत नियमित तथा बैदेशिक सहायताबाट संचालन हुने आयोजना/कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनका सम्बन्धमा कार्यक्रमहरु तथा सम्बन्धित कार्यालयहरुको अनुगमन मूल्यांकन गर्ने,
- मन्त्रालयका प्रगति विवरण,प्रतिवेदन तथा बुलेटिन प्रकाशनसम्बन्धी कार्यहरु गर्ने,
- मन्त्रालय र विभागहरु अर्न्तगत संचालन हुने विकासका आवधिक एवं वार्षिक कार्यक्रमहरु तयार गर्ने,
- राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसंगको सहकार्यमा मन्त्रालय अर्न्तगत सञ्चालित विकास कार्यक्रमहरुको कार्यान्वयनको समन्वय गर्ने,
- मन्त्रालय र अर्न्तगत निकायहरुमा संचालित विकास कार्यक्रमहरुको प्रगति,समीक्षा,परिमार्जन तथा अनुगमन मूल्याङ्कन गर्ने,
- नीति समन्वय समिति (Policy Coordination Committee) सम्बन्धी कार्य गर्ने,
- अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा राष्ट्रिय योजना आयोगको सम्पर्क विन्दुको रुपमा काम गर्ने,
- मन्त्रालय स्तरीय विकास समस्या समस्या समिति(MDAC)र राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) सम्बन्धी कार्यहरु गर्ने,
- वैदेशिक सहायतासम्बन्धी विषयमा अर्थ मन्त्रालयसंग समन्वय गरी कार्य गर्ने,
- विदेशी सहयोगवाट संचालन हुने आयोजनासंग सम्बन्धित विषयमा आवश्यक समन्वय गर्ने,
- सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी तथा अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय तथा सहजीकरणसम्बन्धी कार्य गर्ने,
- तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

३. <u>आर्थिक प्रशासन शाखा</u>

- प्रचलित कानून बमोजिम मन्त्रालयको आर्थिक प्रशासन संचालन गर्ने,
- अर्थ मन्त्रालय र यस मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखासँग समन्वय गरी वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्ने,
- आर्थिक प्रशासनसम्बन्धी विषयमा माग भएबमोजिमको राय सल्लाह प्रदान गर्ने,
- विनियोजन बजेट अन्तर्गत बजेट निकासासम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखासँग समन्वय गरी कार्यक्रम संशोधन र रकमान्तर सम्बन्धी कार्य गर्ने,
- ऐन नियमानुसार तोकिएको श्रेस्ता राख्ने, राख्न लगाउने,
- विनियोजन हिसाबको लागि आवश्यक मास्केवारी तथा अन्य फांटवारी नियमित रुपमा तयार गर्ने गराउने र सम्बन्धित निकायमा समयमै पठाउने व्यवस्था गर्ने गराउने,
- आर्थिक प्रशासन शाखाको सहभागिता आवश्यक हुने विभिन्न समितिहरुमा रही कार्य गर्ने,
- मन्त्रालयका अन्य शाखाहरूसँग समन्वय गरी वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,
- वार्षिक विवरण तयार गर्न सहयोग गर्ने,
- वेरुजु फछ्र्यौटसम्बन्धी कार्य गर्ने,
- मन्त्रालय अन्तर्गतका निकायहरुको आर्थिक व्यवस्थापन सुधारका लागि सुझाव दिने,
- आम्दानी तथा खर्चसम्बन्धी विवरणहरु अद्यावधिक राख्ने,
- म.ले.नि.का.को सम्पर्क विन्दुको रुपमा काम गर्ने,
- तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

४. <u>कानून तथा फैसला कार्यान्वयन शाखा</u>

- मन्त्रालयसँग सम्बन्धित ऐन, कानूनहरूको परिमार्जनका लागि मस्यौदा पेश गर्ने,
- नयाँ विधेयक तर्जुमा गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,
- मन्त्रालय र अन्तर्गतका निकायहरूबाट माग भएबमोजिम कानूनी राय, परामर्श उपलब्ध गराउने,
- मन्त्रालय पक्ष हुने सन्धि, सम्झौता, समझदारीपत्र आदिमा कानूनी राय उपलब्ध गराउने,
- सर्वोच्च अदालतवाट कायम नजिर सम्बन्धी निर्णयहरुको लगत विवरण अद्यावधिक गर्ने र सम्बद्ध पदाधिकारीहरुलाई जानकारी गराउने,
- मन्त्रालय विरुद्ध परेका रिट/निवेदन र पुनरावेदन सम्बन्धी कार्य गर्ने,
- मन्त्रालयको कार्यक्षेत्रका विषयमा सम्मानित अदालतबाट भएका फैसला कार्यान्वयन गर्ने गराउने,
- अदालतमा दिने जवाफ तयार गरी पेश गर्ने,
- ऐन, नियम परिमार्जन तथा तर्जुमा शाखाबाट प्राप्त भएका राय संकलन गरी सम्बन्धित विषयको निर्णयसार बनाउने कार्य गर्ने,
- नेपाल राजपत्रमा प्रकाशन गरिनु पर्ने सूचनासम्बन्धी कार्य गर्ने,

- कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय, वैदेशिक रोजगार न्यायाधिकरण तथा श्रम अदालतको सम्पर्क शाखाको रुपमा काम गर्ने,
- कानूनले सृजना गरेका अन्य जिम्मेवारीहरुसम्बन्धी काम गर्ने,
- तोकिएबमाजिमका अन्य कार्यहरु गर्ने ।

**(ख) रोजगार व्यवस्थापन महाशाखा**

- आन्तरिक रोजगार प्रर्वद्धनसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन सम्बन्धी कार्य गर्ने गराउने,
- आन्तरिक एवं वैदेशिक रोजगारसम्बन्धी ऐन नियमहरुको तर्जुमा, संशोधन, विधेयक तथा नियमावलीहरु तयार गरी पेश गर्ने गराउने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका रोजगारसम्बन्धी प्रतिवेदन संकलन, प्रकाशन तथा वितरणसम्बन्धी कार्यहरु गर्ने गराउने,
- अन्तर्राष्ट्रिय आप्रवासन संगठन (International Organization for Migration - IOM), कोलम्बो प्रोसेस, अबुधावी संवाद (Abu Dhabi Dialogue) लगायतका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संगठनहरूसँग सम्बन्धित कार्यहरु गर्ने गराउने,
- श्रमशक्ति, श्रम बजार, आन्तरिक तथा वैदेशिक रोजगार एवम् बेरोजगारी सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, विश्लेषण लगायत सूचना विश्लेषणका कार्यहरु गर्ने गराउने,
- रोजगार सूचना सेवा तथा श्रमिक आपूर्ति सम्बन्धी कार्य गर्ने गराउने,
- वैदेशिक रोजगार सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन सम्बन्धी कार्य गर्ने गराउने,
- श्रम कूटनीतिसम्बन्धी कार्यको समन्वय गर्ने गराउने,
- काउन्सेलर (श्रम)तथा श्रम सहचारीहरुसंग नियमित सम्पर्क र समन्वयको काम गर्ने गराउने,
- वैदेशिक रोजगारसम्बन्धी कार्यक्रमहरु तर्जुमा, समन्वय, अनुगमन,मूल्याङ्कन र प्रतिवेदन गर्ने गराउने,
- वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रबर्दधन बोर्डसम्बन्धी कार्य गर्ने गराउने,
- वैदेशिक रोजगारसम्बन्धी अनुगमन तथा निरीक्षण गर्ने गराउने,
- महाशाखासँग सम्बन्धित अभिलेख व्यवस्थापनसम्बन्धी कार्यहरू गर्ने गराउने,
- आन्तरिक तथा वैदेशिक रोजगारको सूचना एवं तथ्यांक अद्यावधिक गर्ने गराउने,
- मन्त्रालयको वेवसाईट अद्यावधिक गर्ने लगायतका विद्युतीय सुशासनसम्बन्धी अन्य कार्यहरु गर्ने गराउने,
- प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी गर्नुपर्ने आवश्यक कार्यहरु गर्ने गराउने ।

## १. वैदेशिक रोजगार व्यवस्थापन शाखा

- वैदेशिक रोजगारसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्डको कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्ने,
- श्रम कूटनीति प्रवर्द्धनका लागि आवश्यक तयारी तथा समन्वय गर्ने,
- वैदेशिक रोजगारसँग सम्बन्धित संघ संस्थाहरुको नियमन तथा अनुगमन गर्न वैदेशिक रोजगार विभागसंग समन्वय गर्ने,
- काउन्सेलर(श्रम)तथा श्रम सहचारीको कार्यसम्पादनको नियमित रुपमा प्रगति प्रतिवेदन लिने सोको प्रतिवेदन गर्ने,
- अन्तराष्ट्रिय आप्रवासन संगठन(IOM),कोलम्बो प्रोसेस,आबुधावि डाइलग लगायतका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संघ संगठनसँग सम्बन्धित महाशाखाका कार्यक्षेत्र अन्तर्गतका कार्यहरु गर्ने,
- वैदेशिक रोजगार सम्बन्धी सूचना एवं तथ्यांक संकलन, अध्ययन तथा विश्लेषण गर्ने,
- वैदेशिक रोजगारलाई सुरक्षित,व्यवस्थित र मर्यादित बनाउन राय सल्लाह प्रदान गर्ने,
- वैदेशिक रोजगारसम्बन्धी कार्यक्रमहरु तयार गर्ने, समन्वय गर्ने र प्रतिवेदन गर्ने,
- वैदेशिक रोजगार सम्बन्धमा रोजगारदाता मुलुकहरुसंग हुने वार्ता एवं सम्झौतासम्बन्धी कार्य गर्ने,
- वैदेशिक रोजगारका लागि नयाँ मुलुक खुला गर्न आवश्यक अध्ययन तथा समन्वय गर्ने,
- वैदेशिक रोजगारबाट विभिन्न क्षेत्रमा पर्न गएको प्रभावको अध्ययन अनुसन्धान गरी नीतिगत सुझाव दिने,
- वैदेशिक रोजगारमा गएका व्यक्तिहरुको स्वास्थ्य तथा सुरक्षाको विषयमा अध्ययन अनुसन्धान गरी नीतिगत सुधारको राय पेश गर्ने,
- विदेशमा रहेका नेपालीहरुका सेवामूलक संस्थाहरुसंग सम्पर्क कायम गरी आवश्यकता अनुसार राय सुझाव प्राप्त गर्ने, प्रतिवेदन लिने एवं उपयुक्त कारवाहीकोलागि पेश गर्ने,
- वैदेशिक रोजगारमा गएका श्रमिकहरुको हक,हित,उद्दारसम्बन्धी कार्यहरुमा नीतिगत व्यवस्था पहल गर्ने,
- वैदेशिक रोजगारीको प्रभावकारी व्यवस्थापन गर्न आवश्यक अन्य कार्यहरु गर्ने,
- परराष्ट्र मन्त्रालय, विदेशस्थित नेपाली कूटनैतिक नियोगहरु तथा आप्रवासनसम्बन्धी कार्यक्रमहरुको सम्पर्क विन्दुको रुपमा कार्य गर्ने,
- वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्डसम्बन्धी कार्य गर्ने,
- सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी तथा अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय तथा सहजीकरणसम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित अभिलेख व्यवस्थापन गर्ने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

२. <u>रोजगार समन्वय तथा सूचना शाखा</u>

- आन्तरिक रोजगारसम्बन्धी राष्ट्रिय नीति,कानून,मापदण्ड,कार्यान्वयन र नियमन सम्बन्धी कार्य गर्ने,
- आन्तरिक रोजगारीको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैरसरकारी संस्थाहरुको लगत राख्ने,
- आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने उद्देश्यले वैदेशिक सहायतामा संचालित कार्यक्रम तथा आयोजनाहरुको संचालन, समन्वय, अनुगमन तथा मूल्याकन गर्ने,
- वैदेशिक रोजगारीबाट फर्केका कामदारहरुको दक्षता उपयोग गर्न राष्ट्रिय आवश्यकता अनुसारका नीति तथा रणनीति तर्जुमा गरी कार्यान्वयन गर्न पेश गर्ने,
- आन्तरिक रोजगार प्रवर्द्धका लागि नीजि तथा गैर सरकारी क्षेत्रसंगको सहकार्य एवंम् समन्वयसम्बन्धी कार्य गर्ने,
- न्यूनतम रोजगार प्रत्याभूत सम्बन्धी नीति,योजना तथा कार्यक्रम तर्जुमा,कार्यान्वयन,अनुगमन तथा मूल्याङ्कन गर्ने,
- मन्त्रालयको वेवसाईट व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- श्रम, रोजगारी, बेरोजगारी, वैदेशिक रोजगारी तथा रोजगारका अवसरसम्बन्धी अध्ययन,अनुसन्धान र विश्लेषण गर्ने,
- विद्युतीय श्रम तथा रोजगार सूचना प्रणाली (Online Labour and Employment Information System) को स्थापना र व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- श्रमशक्ति सर्वेक्षणसम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित विषयमा कानून बमोजिम निर्धारण गरिएका अन्य कार्यहरु गर्ने,
- सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी तथा अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय तथा सहजीकरणसम्बन्धी कार्य गर्ने,
- प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी गर्नुपर्ने आवश्यक कार्यहरु गर्ने,
- तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

**(ग) <u>श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखा</u>**

- ➢ श्रम सम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्ने गराउने,
- ➢ श्रम सम्बन्धी ऐन नियमहरुको तर्जुमा तथा परिमार्जन सम्बन्धी कार्य गर्ने गराउने,
- ➢ श्रमशक्ति र श्रम बजारसम्बन्धी अध्ययन, सर्वेक्षण, अनुसन्धान, तथ्याङ्क सङ्कलन तथा विश्लेषण सम्बन्धी कार्य गर्ने गराउने,
- ➢ राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका श्रमसम्बन्धी प्रतिवेदनहरुको संकलन सम्बन्धी कार्यहरु गर्ने गराउने,
- ➢ अन्तर्राष्ट्रिय श्रम संगठन(International Labor Organization) सम्बन्धी कार्य गर्ने गराउने,
- ➢ औद्योगिक विवाद समाधान सम्बन्धी कार्य गर्ने गराउने,

- विदेशी कामदारहरुको श्रम स्वीकृति व्यवस्थापनसम्बन्धी कार्य गर्ने गराउने,
- ट्रेड यूनियन सम्बन्धी राष्ट्रिय नीति,कानून तर्जुमा र नियमनसम्बन्धी कार्य गर्ने गराउने,
- महाशाखासँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय सम्पर्कसम्बन्धी कार्यहरु गर्ने गराउने,
- बालश्रम निवारणसंग सम्बन्धित अन्तराष्ट्रिय संघसंस्थाहरुसंगको सम्पर्क, सहकार्य तथा समन्वय गर्ने गराउने,
- बालश्रम निवारणसम्बन्धी नीति, कानून तर्जुमा र नियमनसम्बन्धी कार्य गर्ने गराउने,
- बालश्रम निवारणसम्बन्धी अध्ययन, अनुसन्धान,सर्वेक्षण,सूचना र तथ्यांक संकलन तथा विश्लेषणसम्बन्धी कार्य गर्ने गराउने,
- बालश्रम निवारणसम्बन्धी व्यवस्थापन तथा जनचेतना जगाउन प्रचार प्रसार गर्ने गराउने,
- बालश्रम निवारण विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गोष्ठी सेमिनार सम्मेलनसम्बन्धी कार्यहरु गर्ने गराउने,
- व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा विषयमा नीति, कानून र नियमनसम्बन्धी कार्य गर्ने गराउने,
- श्रमिक एवं सामाजिक सुरक्षा सम्बन्धी राष्ट्रिय नीति, कानून,मापदण्ड, कार्यक्रम र नियमनसम्बन्धी कार्य गर्ने गराउने,
- सामाजिक सुरक्षा कोषसम्बन्धी नीति, कानून तर्जुमा,कोष संचालन तथा नियमन, यस विषय सम्बद्ध राष्ट्रिय तथा अन्तराष्ट्रिय निकाय र संघसंस्थासंग सम्पर्क, समन्वय र सहकार्यसम्बन्धी कार्य गर्ने गराउने,
- सामाजिक सुरक्षा कोष र श्रमिक कल्याणसम्बन्धी कार्यहरु गर्ने गराउने,
- रोजगारउन्मुख,सीपमूलक एवं व्यवसायिक तालिमसम्बन्धी राष्ट्रिय नीति तर्जुमा र सो को नियमन गर्ने गराउने,
- श्रमिक तथा रोजगारदाताको कर्तव्य,दायित्व,कार्य संकृति र व्यवहार सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरुको सञ्चालनका सम्बन्धमा समन्वय गर्ने गराउने,
- सीप विकास तथा तालीमसम्बन्धी नीति, योजना तर्जुमा,समन्वय,अनुगमन, मुल्याङ्कन गर्ने गराउने,
- सीप विकास तालिमसम्बन्धी पाठ्यक्रम तर्जुमा, परिमार्जन, तालिम सञ्चालन मापदण्ड निर्धारण गर्ने गराउने,
- सीप विकास तालिम सञ्चालन, समन्वय र प्रवर्द्धनसम्बन्धी कार्य गर्ने गराउने,
- महाशाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने गराउने,
- प्रदेश तथा स्थानीय सरकारसँग समन्वय गरी गर्नुपर्ने आवश्यक कार्यहरु गर्ने गराउने ।

१. <u>श्रम सम्बन्ध शाखा</u>

- श्रमसंग सम्बन्धित कानून तर्जुमा,संशोधन तथा नियमन सम्बन्धी कार्य गर्ने,
- श्रमशक्ति र श्रम बजारसम्बन्धी अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन,अद्यावधिक र विश्लेषणसम्बन्धी कार्य गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका श्रम सम्बन्धी प्रतिवेदन संकलन एवं अभिलेखिकरणसम्बन्धी कार्यहरु गर्ने,
- अन्तर्राष्ट्रिय श्रम सङ्गठनसंग सम्बन्धित कार्य गर्ने,

- औद्योगिक विवाद समाधानसम्बन्धी कार्य गर्ने,
- श्रमसंग सम्बन्धित अन्तराष्ट्रिय संघसंस्थासंगको सम्पर्क,सहकार्य तथा समन्वय गर्ने,
- विदेशी कामदारहरुका लागि श्रम स्वीकृति र त्यसको सूचना व्यवस्थापन गर्ने,
- श्रमिक कल्याण शाखासँग समन्वय गरी ट्रेड यूनियन नीति,कानूनको तर्जुमा र नियमन सम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय सम्पर्कसम्बन्धी कार्यहरु गर्ने,
- अन्तराष्ट्रिय श्रम संगठन (ILO) तथा अन्य राष्ट्रिय,अन्तराष्ट्रिय,सरकारी,गैरसरकारी संघ संस्थाहरुसंग समन्वयसम्बन्धी कार्य गर्ने,
- अन्तराष्ट्रिय श्रम संगठन(ILO) बाट पारित महासन्धी तथा सन्धीहरुसम्बन्धी कार्य गर्ने,
- अन्तराष्ट्रिय श्रम संगठन (ILO) मा वार्षिक र आवधिक रुपमा पेश गर्नुपर्ने प्रतिवेदन तयारीसम्बन्धी कार्य गर्ने,
- भविष्यमा गर्नुपर्ने अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) सँग सम्बन्धित सन्धीहरु सम्बन्धी आवश्यक कार्यहरु गर्ने,
- सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी तथा अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय तथा सहजीकरणसम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापन गर्ने,
- तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

२. <u>बालश्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा</u>

- बालश्रम निवारणसँग सम्बन्धित नीति, कानून, योजना तर्जुमा तथा नियमनसम्बन्धी कार्य गर्ने,
- बालश्रम निवारणसम्बन्धी अध्ययन,अनुसन्धान,सेमिनार,तालिम, गोष्ठी आदि कार्यक्रमहरू संचालन गर्ने,
- बालश्रम निवारणसम्बन्धी कार्यक्रम, निरीक्षण तथा अनुगमन गर्ने,
- बालश्रम विरुद्ध जनचेतना जगाउन प्रचार-प्रसारसम्बन्धी कार्य गर्ने,
- बालश्रम निवारण सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय श्रम संगठन(ILO),आईपेक,जी.टी.जेड.तथा अन्य दातृ राष्ट्र तथा संघ संस्थाहरुसंग समन्वय गर्ने,
- बालश्रम निवारण सम्बन्धी अध्ययन, अनुसन्धान,तथ्यांक संकलन,अद्यावधिक तथा विश्लेषणसम्बन्धी कार्य गर्ने,
- व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी नीति,कानून,योजना तर्जुमा तथा नियमनसम्बन्धी कार्य गर्ने,
- व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी अध्ययन,अनुसन्धान,सेमिनार,गोष्ठी आदि कार्यक्रम गर्ने,
- प्रतिष्ठानमा कार्यरत कामदार कर्मचारीहरुको व्यवसायजन्य सुरक्षासम्बन्धी कार्य गर्ने,
- बालश्रम निवारण समिति र बालबालिका विकास तथा पुर्नस्थापना कोष संचालक समितिसम्बन्धी कार्य गर्ने ।

- औद्योगिक प्रतिष्ठानहरुमा व्यवसायजन्य सुरक्षा लगायतका चेतनामूलक कार्यक्रमहरु संचालन गर्ने,
- शाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- श्रमिक कल्याण शाखासँग समन्वय गरी ट्रेड युनियन अधिकार र ट्रेड युनियनले व्यवसायिकता प्रवर्द्धनमा खेल्नुपर्ने भूमिकाको विषयमा सेमिनार तथा गोष्ठी आयोजना गर्ने,
- सम्बन्धित क्षेत्रका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी तथा अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय तथा सहजीकरणसम्बन्धी कार्य गर्ने,
- तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

३. <u>श्रमिक कल्याण शाखा</u>

- सामाजिक सुरक्षा सम्बन्धी नीति,योजना तथा कानूनको तर्जुमाका लागि मस्यौदा तयार गर्ने,
- श्रमिक तथा श्रमिकका परिवारको लागि सामाजिक सुरक्षासँग सम्बन्धित नीतिगत तथा संस्थागत कार्यहरु गर्ने,
- ट्रेड यूनियन सम्बन्धी राष्ट्रिय नीति, कानून तर्जुमामा सहयोग पुऱ्याउने,
- सामाजिक सुरक्षा कोषको संचालन तथा व्यवस्थापनमा सहयोग गर्ने,
- श्रमिकको कर्तव्य, दायित्व, कार्य संकृति र व्यवहार सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरुको सञ्चालनका सम्बन्धमा आवश्यक समन्वय गर्ने,
- श्रमिकको न्यूनतम पारिश्रमिक निर्धारणसम्बन्धी कार्य गर्ने,
- श्रमिकहरुको सामाजिक सुरक्षाको सन्दर्भमा व्यवसायजन्य स्वास्थ्य सेवासम्बन्धी आवश्यक कार्य गर्ने,
- श्रमिकका बाल बालिकाहरुका लागि दिवा स्याहार केन्द्र, शिक्षा तथा स्वास्थ्य सेवा आदिको प्रबन्ध गर्न व्यवस्थापकहरुलाई प्रोत्साहन गर्ने,
- सामाजिक सुरक्षा सम्बन्धमा सेमिनार,गोष्ठी लगायतका चेतनामूलक कार्यहरु गर्ने,
- शाखासँग सम्बन्धित विषयको अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- नयाँ सामाजिक सुरक्षा योजना लागू गर्ने विषयमा आवश्यक कार्य गर्ने,
- अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक र स्वरोजगारलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गर्ने विषयमा अध्ययन अनुसन्धान गर्ने,
- श्रमिक कल्याणकारी कोषसम्बन्धी कार्य गर्ने,
- शाखासँग सम्बन्धित काममा सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थासंग सम्पर्क,समन्वय र सहकार्य गर्ने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

४. <u>सीप विकास तथा तालिम शाखा</u>

- सीप विकास तथा तालिम सम्बन्धी राष्ट्रिय नीति, कानून तर्जुमा,योजना,मापदण्ड, पूर्वाधार विकाससम्बन्धी काम गर्ने र सो को नियमन गर्ने,

- तालिम केन्द्रहरुको विवरण अद्यावधिक गर्ने,
- तालिम प्राप्त जनशक्तिको विवरण अद्यावधिक गर्ने,
- सीप विकास तालिमसम्बन्धी पाठ्यक्रम तर्जुमा, परिमार्जन, तालिम सञ्चालन मापदण्ड निर्धारण गर्ने, प्रवर्द्धन र समन्वय गर्ने,
- रोजगारीका संभावित क्षेत्रहरुमा आवश्यक सीप तथा दक्षता पहिचान गरी दक्ष जनशक्ति उत्पादनका लागि नीतिगत तथा संस्थागत समन्वय गर्ने,
- पिछडिएको क्षेत्र, वर्ग तथा समुदाय लक्षित सीपमूलक तालिम नीति तर्जुमा,समन्वय तथा नियमन गर्ने,
- लक्षित वर्गहरुलाई रोजगारी तथा स्वरोजगारीसम्बन्धी सचेतना तथा पूर्व तयारीसम्बन्धी अभिमुखीकरण तालिम कार्यक्रम आवश्यक समन्वय गरी सञ्चालन गर्ने,
- कामदार मजदूरहरुको कार्य संस्कृति र व्यवहार (Working Culture and Behaviors) सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरुको तर्जुमा तथा समन्वय गर्ने,
- विदेशबाट फर्केका कामदारको सीप परिक्षण गर्ने, सो सीपको उपयोगसम्बन्धी रणनैतिक योजना तयार गर्ने र समय सापेक्ष परिमार्जनको कार्य गर्ने,
- प्रदेश र स्थानीय तहमा तालिम प्रदायक संस्थाको स्थापना, क्षमता विकास, पाठ्यक्रम निर्धारण लागायतका कार्यको लागि नीतिगत तथा संस्थागत कार्य गर्ने,
- तालिम प्रदायक संस्था र रोजगार प्रदायक संस्था बीच रोजगारी सृजना र जनशक्तिको उपयोग सम्बन्धी समन्वयत्मक कार्य गर्ने,
- तालिम केन्द्रहरु बीच समन्वय गरी विशिष्टिकृत तालिम प्रदायक संस्थाहरुको संरचनागत विकासको लागि संस्थागत समन्वय गर्ने,
- शाखासँग सम्बन्धित काममा सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थासंग सम्पर्क, समन्वय र सहकार्य गर्ने,
- शाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापनसम्बन्धी कार्य गर्ने,
- तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## ४. निकायमा रहने दरवन्दी र कर्मचारी संख्या

मन्त्रालयमा राजपत्रांकित र राजपत्र अनंकित (स्थायी एवं करार) जम्मा ७२ र अस्थायी दरबन्दी जम्मा १६ गरी कूल स्वीकृत दरबन्दी ८८ रहेकोमा विभिन्न पदका २ दरवन्दी रिक्त रहेका छन् भने अन्य सम्पूर्ण दरबन्दी पूर्ति भएको ।

## ४.१ मन्त्रालय र अन्तर्गतका निकायको स्वीकृत दरबन्दी विवरण

| सि.नं. | निकाय | कुल दरबन्दी |
|---|---|---|
| १ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ७२ |
| २ | वैदेशिक रोजगार विभाग | ७३ |
| ३ | वैदेशिक रोजगार बोर्डको सचिवालय | १८ |
| ४ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ३१ |
| ५ | व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, भैंसेपाटी | २१ |
| ६ | व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, ईटहरी | १३ |
| ७ | व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, वुटवल | १३ |
| ८ | वैदेशिक रोजगार कार्यालय, काठमाडौं | ५७ |
| ९ | व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र, काठमाण्डौ | २० |
| १० | श्रम तथा रोजगार कार्यालय, झापा | ८ |
| ११ | श्रम तथा रोजगार कार्यालय, विराटनगर | १४ |
| १२ | श्रम तथा रोजगार कार्यालय, जनकपुर | १४ |
| १३ | श्रम तथा रोजगार कार्यालय, विरगंज | ८ |
| १४ | श्रम तथा रोजगार कार्यालय, हेटौंडा | ८ |
| १५ | श्रम तथा रोजगार कार्यालय, काठमाडौं | १२ |
| १६ | श्रम तथा रोजगार कार्यालय, पोखरा | १३ |
| १७ | श्रम तथा रोजगार कार्यालय, वुटवल | १४ |
| १८ | श्रम तथा रोजगार कार्यालय, नेपालगञ्ज | ८ |
| १९ | श्रम तथा रोजगार कार्यालय, सुर्खेत | १४ |
| २० | श्रम तथा रोजगार कार्यालय, धनगढी | १५ |
| **जम्मा दरबन्दी** | | ४४६ |

## मन्त्रालयको स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्था

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.विशिष्ट | प्रशासन | | १ | १ | |
| २ | सहसचिव | रा.प.प्रथम | प्रशासन | | ३ | ३ | |
| ३ | उपसचिव (प्रशासन) | रा.प.द्वितीय | प्रशासन | सा.प्रशासन | ८ | ८ | |
| ४ | उपसचिव (लेखा) | रा.प.द्वितीय | प्रशासन | लेखा | १ | १ | |
| ५ | उपसचिव (कानून) | रा.प.द्वितीय | न्याय | कानून | १ | १ | |
| ६ | उपसचिव प्राविधिक/मेकानिकल) | रा.प.द्वितीय | | | १ | ० | १ |
| ७ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | |
| ८ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | १४ | १४ | |
| ९ | कानून अधिकृत (कानून) | रा.प.तृतीय | न्याय | कानून | १ | १ | |
| १० | कम्प्युटर ईन्जिनियर | रा.प.तृतीय | | | १ | १ | |
| ११ | मेकानिकल ईन्जिनियर | रा.प.तृतीय | | | १ | ० | १ |
| १२ | कम्प्युटर अधिकृत | रा.प.तृतीय | विविध | | १ | १ | |
| १३ | लेखापाल | रा.प.अं.प्रथम | प्रशासन | लेखा | १ | १ | |
| १४ | नायब सुब्बा | रा.प.अं.प्रथम | प्रशासन | सा. प्रशासन | ९ | ९ | |
| १५ | कम्प्युटर अपरेटर | रा.प.अं.प्रथम | विविध | | ७ | ७ | |
| १६ | ह.स.चा. | श्रेणी विहिन | | | ९ | ९ | |
| १७ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १२ | १२ | |
| १८ | **जम्मा दरवन्दी** | | | | ७२ | ७० | |

## प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फको स्वीकृत अस्थायी दरबन्दी विवरण

| सि.नं. | पद | श्रेणी/तह | सेवा | समूह/ उपसमूह | मौजुदा दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | सहसचिव | रा.प.प्रथम | प्रशासन | | १ | १ | |
| २ | उपसचिव (प्रशासन) | रा.प.द्वितीय | प्रशासन | सा.प्रशासन | २ | २ | |
| ३ | शाखा अधिकृत (प्रशासन) | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | ३ | ३ | |
| ४ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | १ | १ | |
| ५ | तथ्याङ्क अधिकृत | रा.प.द्वितीय | न्याय | कानून | १ | १ | |
| ६ | कम्प्युटर ईन्जिनियर | रा.प.तृतीय | | | १ | १ | |
| ७ | नायब सुब्बा | रा.प.अं.प्रथम | प्रशासन | सा. प्रशासन | २ | २ | |
| ८ | कम्प्युटर अपरेटर | रा.प.अं.प्रथम | विविध | | २ | २ | |
| ९ | ह.स.चा. | श्रेणी विहिन | | | २ | २ | |
| १० | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १ | १ | |
| | **जम्मा दरवन्दी** | | | | १६ | १६ | |

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको संगठन संरचना

- **मन्त्री**
  - **सचिवालय**
    उप-सचिव रा.प.द्धि.(प्र.)-१
    शा.अ. रा.प.तृ.(प्र.)-१
  - **सचिव -१**
    - **सचिवालय**
      शा.अ. रा.प.तृ.(प्र.)-१
    - **प्रशासन महाशाखा**
      सह-सचिव रा.प.प्र.(प्र.)-१
      - **प्रशासन शाखा**
        उपसचिव रा.प.द्धि. (प्र.)-१
        शा.अ. रा.प.तृ.(प्र.)-३
        ना.सु. रा.प.अनं.प्र.(प्र.)-९
        क.अ. रा.प.अनं.प्र.(वि.)-७
        ह.स.चा.-९, का.स.-१२
      - **आर्थिक प्रशासन शाखा**
        उपसचिव रा.प.द्धि.(ले.)-१
        लेखा अधिकृत रा.प.तृ.(ले.)-१
        लेखापाल रा.प.अनं.प्र.(ले.)-१
      - **नीति, योजना, अनुगमन तथा मूल्याङ्कन शाखा**
        उपसचिव रा.प.द्धि. (प्र.)-१
        शा.अ. रा.प.त.(प्र.)-२
      - **कानून तथा फैसला कार्यान्वयन शाखा**
        उपसचिव रा.प.द्धि.(न्याय/कानून)-१
        कानून अ.रा.प.तृ.(न्याय/कानून)-१
    - **रोजगार व्यवस्थापन महाशाखा**
      सह-सचिव रा.प.प्र.(प्र.)-१
      - **वैदेशिक रोजगार व्यवस्थापन शाखा**
        उपसचिव रा.प.द्धि. (प्र.)-१
        शा.अ. रा.प.तृ.(प्र.)-२
      - **रोजगार समन्वय तथा सूचना शाखा**
        उपसचिव रा.प.द्धि. (प्र.)-१
        शा.अ. रा.प.तृ.(प्र.)-१
        क.ई. रा.प.तृ.(वि.)-१
        क.अधिकृत रा.प.तृ.(वि.)-१
    - **श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखा**
      सह-सचिव रा.प.प्र.(प्र.)-१
      - **श्रम सम्बन्ध शाखा**
        उपसचिव रा.प.द्धि. (प्र.)-१
        शा.अ. रा.प.तृ.(प्र.)-१
      - **बाल श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा**
        उपसचिव रा.प.द्धि. (मे.ई.)-१
        शा.अ. रा.प.तृ.(प्र.)-१
        कारखाना निरिक्षक
        रा.प.तृ.(मे.ई.)-१
      - **श्रमिक कल्याण शाखा**
        उपसचिव रा.प.द्धि. (प्र.)-१
        शा.अ. रा.प.त.(प्र.)-१
      - **सीप विकास तथा तालिम शाखा**
        उपसचिव रा.प.द्धि. (प्र.)-१
        शा.अ. रा.प.त.(प्र.)-१
    - **प्रधानमन्त्री रोजगार कार्यक्रम (अस्थायी दरबन्दी)**
      सह-सचिव रा.प.प्र.(प्र.)-१
      - **आन्तरिक रोजगार प्रवर्द्धन शाखा**
        उपसचिव रा.प.द्धि. (प्र.)-१
        शा.अ. रा.प.तृ.(प्र.)-१
        लेखा अधिकृत रा.प.तृ.(ले.)-१
        ना.सु. रा.प.अनं.प्र.(प्र.)-२
        क.अ. रा.प.अनं.प्र.(वि.)-२
        ह.स.चा.-२
        का.स.-१
      - **रोजगार कार्यक्रम व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन शाखा**
        उपसचिव रा.प.द्धि. (प्र.)-१
        शा.अ. रा.प.तृ.(प्र.)-१
      - **रोजगार सूचना व्यवस्थापन शाखा**
        शा.अ. रा.प.तृ.(प्र.)-१
        तथ्याङ्क अधिकृत
        रा.प.तृ.(आ.यो./त.)-१
        क.ई. रा.प.तृ.(वि.)-१

## ५. प्रमुख एवम् उजुरी सुन्ने अधिकारी  र सूचना अधिकारीको नाम र पद

**प्रमुखको नामः**  श्री एकनारायण अर्याल, सचिव

**प्रवक्ताः** श्री डण्डुराज घिमिरे, सहसचिव

**सहायक प्रवक्ताः** डा. थानेश्वर भुसाल, उपसचिव

**सूचना अधिकारीको नामः श्री** पुष्प कट्वाल, उपसचिव

**गुनासो सुन्ने अधिकारीः** श्री विष्णु लामिछाने, उपसचिव

**मन्त्रालयको वेवसाइटः** **www.moless.gov.np**

## ६. नीति, ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

**नीति**

- राष्ट्रिय रोजगार नीति,२०७१
- वैदेशिक रोजगार नीति,२०६८
- राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य नीति, २०७६

**ऐन**

- रोजगारीको हक सम्बन्धी ऐन, २०७५
- श्रम ऐन, २०७४
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४
- वैदेशिक रोजगार ऐन, २०६४
- ट्रेड युनियन ऐन, २०४९
- बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०४९
- बोनस ऐन,२०३९

**नियमावली**

- वैदेशिक रोजगार नियमावली,२०६४
- वैदेशिक रोजगार न्यायाधिकरण नियमावली, २०६८
- रोजगारीको हक सम्बन्धी नियमावली, २०७५
- श्रम नियमावली, २०७५
- श्रम अदालत कार्यविधि नियमावली, २०५२
- योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५
- सामाजिक सुरक्षा कोष नियमावली,२०७५
- बालश्रम(निषेध र नियमित गर्ने) नियमावली,२०६२
- बोनस नियमावली, २०३९
- ट्रेड युनियन नियमावली, २०५०

- बालबालिका (विकास तथा पुनस्थापना) कोष नियमावली, २०५३

**मुख्य निर्देशिका/कार्यविधि/मापदण्ड**

- आन्तरिक व्यवस्थापन निर्देशिका, २०७५
- कल सेन्टर (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७५
- काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनौट तथा नियुक्ति सम्बन्धी कार्यविधि तथ मापदण्ड, २०७३
- विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६
- रोजगार अनुमति प्रणाली (सञ्चालन र व्यवस्थापन) निर्देशिका, २०७३
- वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण र अनुगमन सम्बन्धी कार्यविधि, २०७२
- अनुगमन टोली परिचालन कार्यविधि, २०७६
- अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६
- इजाजतवाला संस्था र अभिमुखीकरण तालिम प्रदायक संस्थाको अनुगमन सम्बन्धी कार्यविधि,२०७३
- कामदारको परिवारलाई स्वास्थ्य उपचार सहयोग सम्बन्धी मापदण्ड, २०७३
- सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५
- रोजगारमुलक सीप विकास तालिम सञ्चालन कार्यविधि, २०७५
- वैदेशिक रोजगार विभागको आन्तरिक कार्य सञ्चालन निर्देशिका, २०६६
- वैदेशिक रोजगार बोर्डको कार्यसञ्चालन कार्यविधि, २०६८
- वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको कार्यकारी निर्देशक पदमा पदपूर्ति गर्न गठित पदपूर्ति समितिको बैठक र छनौट सम्बन्धी कार्यविधि, २०७५
- कल्याणकारी कोषको रकम (वाणिज्य बैंकमा) लगानी गर्ने सम्बन्धी कार्यविधि, २०७५
- वैदेशिक रोजगार सम्बन्धी मागपत्र जाँच निर्देशिका, २०७५
- वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको कानुनी प्रतिरक्षा सम्बन्धी निर्देशिका, २०७५
- वैदेशिक रोजगारको सिलसिलामा मृत्यु/अंगभंग/गंम्भीर विरामी भएका कामदारको परिवारको सदस्यलाई छात्रवृत्तिमा पेशागत तालिम र डिप्लोमा तथा प्रविणता प्रमाणपत्र तहको तीन वर्षे प्राविधिक शिक्षा प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७१
- व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा जाने कामदारको श्रम स्वीकृति लिने प्रक्रिया सम्बन्धी निर्देशिका, २०६९
- वैदेशिक रोजगारमा घरेलु कामदारलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०७३
- वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली सञ्चालन कार्यविधि, २०७६
- कोभिड-१९ को विश्वव्यापी संक्रमणका कारण वैदेशिक रोजगारीको क्रममा अलपत्र परेका नेपाली कामदारको उद्दार गरी स्वदेश फिर्ता गर्ने सम्बन्धी निर्देशिका, २०७७
- इजरायलमा नेपाली सहयोगी कामदार पठाउनेसम्बन्धी निर्देशिका, २०७८

- आधिकारिक ट्रेड युनियन निर्वाचन निर्देशिका, २०५२
- रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५
- श्रम अडिट मापदण्ड, २०७५
- कार्यस्थलको लागि अधिकतम ध्वनिको स्तर मापदण्ड, २०७३
- रोजगारदाता र श्रमिकको सूचीकरण कार्यविधि, २०७५
- विदेशी नागरिकहरुको श्रम इजाजत व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५
- ईट्टा उद्योगमा काम गर्ने श्रमिकको व्यवसायजन्य सुरक्षा एवम् स्वास्थ्य सम्बन्धी निर्देशिका, २०७६
- श्रम अडिट मापदण्ड, २०७५
- बालश्रम मुक्त स्थानीय घोषणा कार्यविधि, २०७७
- व्यवसायिक तथा सीप विकास तालिम सञ्चालन निर्देशिका, २०७७
- कार्यस्थलमा आधारित एप्रेन्टिशिप तालिम कार्यविधि, २०७६
- संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधारित व्यावसायिक तथा सीप विकास तालिम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७
- सामाजिक सुरक्षा कोष लगानी कार्यविधि, २०७७
- सामाजिक सुरक्षा कोषको स्वास्थ्य सुरक्षा योजनाको लागि स्वास्थ्य संस्था छनौट तथा योजनाको रकम भुक्तानी सम्बन्धी कार्यविधि, २०७६
- सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५
- कोषको रकम वाणिज्य बैंकमा लगानी गर्ने सम्बन्धी कार्यविधि, २०७५
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन (संशोधन समेत) निर्देशिका, २०७५
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६
- रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६
- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७

## ७. मन्त्रालयले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन:

### (क) प्रधानमन्त्री रोजगार कार्यक्रम

- मिति २०७८ पुस मसान्त सम्ममा रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS)मा देखिएको अवस्था

| | |
|---|---|
| बेरोजगार सूचीकृत गर्ने स्थानीय तहको संख्या | ७२७ |
| सूचीकृत बेरोजगार व्यक्तिको विवरण | ७,०८,०४२ |
| रोजगारी प्राप्त गरेका व्यक्तिहरुको संख्या | ७,७०३ |
| रोजगारी प्रदान गरेको दिन | ३,६३,६१५ |
| आयोजना प्रविष्ट गर्ने स्थानीय तहको संख्या | ५४७ |
| सञ्चालन भएको आयोजनाको संख्या | १२,०७३ |

- नेपाल सरकार (मन्त्रिपरिषद्को) मिति २०७८/९/३० को निर्णयानुसार प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ दोस्रो संशोधनको प्रस्ताव स्वीकृत भएको ।
- कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालनमा **६५३४** वेरोजगार व्यक्ति न्यूनतम रोजगार कार्यक्रममा संलग्न भएको ।
- सूचिकृत बेरोजगारका लागि प्रदान गरिने कार्यस्थल र जीवन उपयोगी तालिम प्रदान (१९५००) गर्ने सम्बन्धमा सेवा प्रदायकबाट प्राप्त पाठ्यक्रम र मोड्युलको मस्यौदा उपर छलफलत तथा परिमार्जन सहित अन्तिम रुप दिन मिति २०७८/०९/२२ मा व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान, भैंसेपाटीलाई अनुरोध भएको ।
- राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणाली (श्रमिक सूचना बैंकसमेत निर्माण)- NEMIS निर्माणको लागि कार्यक्षेत्रगत शर्त तयार गरी विश्व बैंकको IT Team लाई उक्त कार्यक्षेत्रगत शर्त पुनरावलोकन गरी अन्तिम रुप दिन आग्रह भएको ।
- NEMIS र LIB का लागि प्राथमिक सूचना संकलन गर्न स्थानीय तह छनौट र सशर्त अनुदान निकासा (स्थानीय तह २३४) सम्बन्धमा विनियोजन भएको रकमको (२० करोड) स्रोत विश्व बैंक तर्फको भएकोले उक्त संस्थासँग मिति २०७८/०९/२० मा छलफल गरी सो रकम परिचालनका लागि स्वीकृति दिन अनुरोध गरिएको ।नेपाल सरकार अन्तर्गत विनियोजन भएको १० करोड रकमको सम्बन्धमा रकम हस्तान्तरणको लागि निर्णय प्रक्रियामा रहेको ।

- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको तेस्रो पक्षबाट मध्यवधी मूल्याङ्कन गर्नका लागि कार्यक्षेत्रगत शर्त तयार गरी आवश्यक पृष्ठपोषणका लागि विश्व बैंकलाई प्रेषित गरिएको ।
- रोजगार सेवा केन्द्रमा रहने कर्मचारीको क्षमता विकास/अभिमुखिकरण/तालिम (३०१९ जनालाई) प्रदान गर्ने सम्बन्धमा वार्षिक समीक्षाको कार्यक्रमसँगै ७२७ जनालाई एकचरणको अभिमुखीकरण कार्य सम्पन्न भएको ।
- रोजगार सेवा केन्द्रमा कार्यरत प्राविधिक सहायकको लागि ३ दिने प्राविधिक तालिम प्रदान गर्न सेवा प्रदायक खरिदका लागि सूचना प्रकाशन गर्ने चरणमा रहेको । रोजगार संयोजकको लागि तालिम शिघ्र प्रदान गर्ने गरी प्रक्रिया अगाडि बढेको । Virtual विधि मार्फत् EMIS सम्बन्धी तालिम प्रदान गर्नका लागि गृहकार्य अगाडि बढेको,
- सञ्चार तथा पहुँच कार्यक्रम (श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम समेत -सञ्चार रणनीतिले निर्दिष्ट गरेका क्रियाकलापहरु सञ्चालन)गर्न सञ्चार रणनीति स्वीकृति भै कार्यान्वयनको चरणमा प्रवेश गरेको।
- स्थानीय रोजगार रणनीतिको नमूना तयार गर्नका लागि परामर्शदाताबाट प्राप्त प्रस्तावको मूल्याङ्कन भईरहेको ।
- वार्षिक समीक्षा गोष्ठी कार्यक्रम ७ वटै प्रदेशमा सम्पन्न भएको ।

**(ख) श्रम सम्बन्ध**

- <u>श्रम विवाद समाधानार्थ मध्यस्थ समितिको वैठक</u>
    - प्राइम कमर्सियल वैंक लिमिटेड व्यवस्थापन तथा कर्मचारी संघ बीच भएको विवाद -९ पटक
- <u>निम्न विषयमा राय उपलब्ध गराइएको</u>
    - महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले Restless Development, UK नामक अन्तराष्ट्रिय गैर सरकारी संस्थाबाट पेश भएको SAMBHAV परियोजनाका सम्वन्धमा
    - शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नेपाल सरकार र अमेरिकी सरकारबीच काठमाडौ Lincoln सञ्चालन गर्न तयार भएको MoU को मस्यौदा सम्बन्धमा

- <u>निम्नानुसारका आ.व. ०७८।७९ को स्वीकृत कार्यक्रम अन्तर्गत</u>
    - न्यूनतम पारिश्रमिक पुनरावलोकन सम्बन्धी अध्ययन समिति गठन भई कार्य प्रारम्भ भएको ।
    - श्रम निरीक्षकहरुको लागि क्षमता विकास कार्यक्रम स्वीकृतिको लागि पेश भएको।
    - न्यूनतम पारिश्रमिक र श्रम अडिटको परिचालन सम्बन्धी अन्तरक्रिया र अनुगमन सम्बन्धी कार्यक्रम स्वीकृतीको लागि पेश भएको।

- अन्तराष्ट्रिय श्रम संगठनको विधानको धारा २२ अन्तर्गत नेपालले अन्तराष्ट्रिय श्रम संगठनमा यस मन्त्रालयले परराष्ट्र मन्त्रालय मार्फत निम्न प्रतिवेदनहरु पठाइएको ।
    - Freedom of association, collective bargaining, industrial relation C098 Right to organize and Collective Bargaining Convention, 1149
    - Tripartite Consultation C144 Tripartite Consultation ( International Labour Standards) Convention, 1976.
    - Wages C131 Minimum Wage Fixing Convention, 1970
    - Working time C014 Weekly Rest (Industry) Convention 1921.
- विदेशी नागरिकलाई श्रम इजाजत सम्बन्धी श्रम स्वीकृती प्रदान गर्न श्रम विभागबाट मन्त्रालमा पठाइएको ९ जना विदेशी नागरिकलाई श्रम स्वीकृती उपलब्ध गराउन विभागमा पठाइएको ।

**(ग) श्रमिक कल्याण**

- श्रम तथा सामाजिक सुरक्षासँग सम्बन्धित कानूनहरुमा समयसामयिक संशोधन/परिमार्जनको लागि मस्यौदा समिति गठन भई कार्य अगाडी वढाइएको ।
- सामाजिक सुरक्षा कोषमा श्रमिकलाई आवद्धताको लागि भएको अन्तर्क्रिया छलफल कार्यक्रममा सहजीकरण ।
- श्रमिक कल्याणको क्षेत्रमा सरोकारवाला बीच औद्योगिक करिडोरमा अन्तर्क्रिया कार्यक्रम गर्ने चरणमा रहेको ।
- सामाजिक सुरक्षा कोषमा आवद्ध हुन श्रमिक तथा प्रतिष्ठानलाई आवश्यक सहजीकरण गरिएको ।

- स्थायी, करार, अस्थायी, ज्यालादारीका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धी कार्यको लागि विवरण संकलन गर्ने लगायतको कार्य भएको ।

**(घ) सीप विकास तालिम**

- व्यावसयिक तथा सीप विकास तालिम प्रतिष्ठान सुधारको लागि गठित समिति मार्फत सुझाव पेश गरिएको ।
- संघीय रोजगार उत्मुख सीपमूकल एवं व्यावसायिक तालिम नीति तर्जुमा सम्बन्धी प्रक्रिया अगाडी वढाइएको ।
- सीप विकास तालिम संवद्ध निकायहरुसँग अन्तर्क्रिय कार्य गर्ने चरणमा रहेको ।
- लर्डबुद्ध एजुकेशन एकेडेमी नेपालगञ्ज, बाँकेमा उत्पन्न भएको श्रम विवाद समाधान गर्न स्थलगत अनुगन प्रतिवेदन पेश गरी १ पटक वैठक सम्पन्न ।

**(ङ) बालश्रम निवारण /व्यवसाजन्य सुरक्षा**

- स्थानीय तहबाट बालश्रम मुक्त स्थानीय तह घोषणाको लागि अनुदान रकम हस्तान्तरणको परियोजनार्थ प्रस्ताव माग गरिएको ।
- बालश्रम विरुद्धका जनचेतनामूलक संन्देश प्रसारण (अडियो, जिङ्गल र भिडीयो) को रेडियो नेपाल र नेपाल टेलिभिजनसँग संझौता भई प्रसारण हुने क्रममा रहेको ।
- बालश्रम निवारण कोष र विकास तथा पुर्न स्थापना कोषमा अनुदान रकम पठाइएको।
- बालश्रम निवारण कार्यक्रम संलग्न सरोकारवाला र साझेदार बिच छलफल, अन्तर्क्रिया सम्पन्न ।
- मेरिनोल नेपाल आशादिप र तहाँ कार्यरत कर्मचारी बीच उत्पन्न श्रम विवाद सामाधानका लागि १ पटक वैठक सम्पन्न ।

**(च) वैदेशिक रोजगार**

- नेपाल सरकार र कतार सरकारबीच सन् २००५ मा भएको श्रम सम्झौता बमोजिमको संयुक्त कार्यसमितिको बैठक मिति २०७८/०८/१६ देखि १७ (तदनुसार सन् २०२१, डिसेम्बर २ देखि ३) सम्म काठमाडौंमा आयोजना गरिएको । (उक्त बैठकले विद्यमान श्रम सम्झौताका विविध पक्षमा संशोधन र परिमार्जन गरी पुनरावलोकन गर्ने लगायतका निर्णयहरु गरेको) ।

- विभिन्न श्रम गन्तव्य मुलुकहरुमा कार्यरत काउन्सेलर (श्रम) र श्रम सहचारीहरुसँग द्विपक्षीय श्रम सम्झौता कार्यान्वयनको अवस्था एंव वैदेशिक रोजगारीको सिलसिलामा सम्बन्धित मलुकमा रहेका नेपाली नागरिकहरुले भोग्नु परेका समस्याहरुको बारेमा Virtual बैठक सम्पन्न भएको।
- Labour Migration Report, 2022 को तयारी एवं प्रकाशनका लागि श्रीमान् सचिवज्यूको संयोजकत्वमा Steering Committee र सहसचिव (रोजगार व्यवस्थापन महाशाखा प्रमुख)को संयोजकत्वमा Working Committee गठन भएको।
- नेपाली महिलालाई घरेलु श्रमिकका रुपमा वैदेशिक रोजगारीमा पठाउने कार्यलाई व्यवस्थित र नियमित गर्न कार्यान्वयनमा रहेका नीतिगत कानूनी र संरचनागत व्यवस्था तथा राष्ट्रिय अन्तराष्ट्रिय अभ्यास र अपनाउनुपर्ने सतर्कता समेतको अध्ययन गरी सुधारका क्षेत्र र उपाय पेश गर्न मन्त्रालयका सह-सचिव (रोजगार व्यवस्थापन महाशाखा प्रमुख)को संयोजकत्वमा कार्यदल गठन भएको।
- संयुक्त अधिराज्य वेलायत सरकारको National Health Service मा नेपाली नर्सलाई रोजगारी प्रदान गर्ने विषयमा नेपाल सरकार र वेलायत सरकारका प्रतिनिधिबीच संयुक्त बैठक सम्पन्न भएको। (द्विपक्षीय श्रम सम्झौता गर्न दुवै देशहरु तयार रहेको ।)

**(छ) कानून एवम् फैसला कार्यान्वयन**

- मन्त्रालयसँग सम्बन्धित कानूनहरु आवश्यकतानुसार परिमार्जन तथा संशोधनको मस्यौदा र तीन महले तयार गरिएको र उक्त कार्यविधिहरु संशोधनको प्रक्रियामा रहेको ।
- मन्त्रालय विरुद्ध परेका रिट/निवेदनको लिखित जवाफ सम्बन्धित अदालत समक्ष पेश गरिएको ।
- मन्त्रालयको कार्यक्षेत्रका विषयमा सम्मानित अदालतबाट भएका फैसला कार्यान्वयनको लागि यस मन्त्रालय मातहतको सम्बन्धित निकायसँग नियमित समन्वय गरिएको।
- मन्त्रालय वा मातहत निकायबाट कानूनी राय परामर्श माग भएका विषयमा लिखित राय वा परामर्श उपलब्ध गराइएको ।
- वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६६ को उपदफा (१) बमोजिम वैदेशिक रोजगार विभागको निर्णय उपर परेका पुनरावेदन निवेदनको फैसला तयार गरी कार्यान्वयनका लागि विभागमा पत्राचार गरिएको ।
- वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७२ एवं वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४५क. तथा वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचिकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२ को दफा ४ को उपदफा (१) मा उल्लेख भए बमोजिम यस मन्त्रालयमा सूचीकृत भएका वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ परीक्षण गर्ने स्वास्थ्य संस्थाहरुको नवीकरण निवेदन दर्ता गरिएको।

(ज) आन्तरिक व्यवस्थापन तथा सुशासन

| सि.नं. | बिषय | कार्य प्रगति |
|---|---|---|
| १ | मन्त्रिपरिषदमा प्रस्ताव पेश | • यस अवधिमा यस मन्त्रालयबाट बिभिन्न बिषयका प्रस्ताव नेपाल सरकार मन्त्रिपरिषद्मा पठाउने कार्यको सहजिकरण तथा अध्यावधिक गर्ने गरिएको। यस आ.व.मा जम्मा जम्मा ३ वटा प्रस्ताव पेश भएको । |
| २ | सरुवा/काज/पदस्थापन/ रमाना | • यस अबधिमा जम्माः-<br>क) सरुवा — ० ख) काज — १३ ग) पदस्थापना— ३६ घ) रमाना —१० |
| ३ | सेवाकालिन तालिम | ○ यस अबधिमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेलबाट माग भई आए बमोजिम बिभिन्न श्रेणीका अधिकृतहरुलाई निम्नानुसार सेवाकालिन तालिममा मनोनयन गरी सिफारिस गरिएको **जम्मा ६ जना** । |
| ४ | पत्र ब्यबहार/संचार | • यस अबधिमा जम्मा ४३१ वटा चीठ्ठीपत्र दर्ता भई सम्बन्धित महाशाखा/शाखामा पठाईएको<br>• यस शाखाबाट उक्त अबधिमा जम्मा ३९४ वटा चीठ्ठीपत्र बिभिन्न निकायहरुमा पत्राचार गरिएको । |
| ५ | रेकर्ड ब्यवस्थापन | • यस मन्त्रालयको स्वामित्वमा रहेका सवारी साधन र अन्य सम्पत्तिहरुको बिवरण PAMS मा प्रबिष्ट गरिएको । |
| ६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उजुरी | • यस अवधिमा कुल ३३ उजुरी/गुनासो मध्ये १६ वटा फछ्यौंट भएका र बाँकी १७ वटा कारवाही प्रकृयामा रहेको । |
| ७ | राष्ट्रिय सतर्कता केन्द्र/हेलो सरकारका उजुरी | • हेलो सरकारवाट प्राप्त २३ गुनासो मध्ये ११ समाधान भएको र १२ वटा प्रकृयामा<br>रहेको । |
| ८ | कल सेन्टरको गुनासो व्यवस्थापन सम्बन्धमा | • यस अवधिमा विभिन्न माध्यमबाट कल सेन्टरमा जम्मा ३८०२ गुनासाहरु प्राप्त भएको सो कल मध्ये ३७४७ उजुरी गुनासो सम्वोधन भएको , ५५ प्रकृयामा रहेको । उपरोक्त कल वाहेक गुनासोकर्ताले ७०२८ Follow-up कल गरेको । |
| ९ | खरिद व्यवस्थापन सम्बन्धमा | • वार्षिक खरिद योजना स्वीकृत भई कार्यान्वयनमा रहेको ।दुईवटा बोलपत्र जारी गरिएको । |
| १० | CDMIS सम्बन्धी कार्य | • Cabinet Decision Implementation Monitoring System मा विवरण निरन्तर अद्यावधिक गरिएको । |
| ११ | क्षमता विकास कार्यक्रम सम्पन्न | • चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको मन्त्रालयमा कार्यरत कार्यालय सहयोगी तथा हलुका सवारी चालकका लागि मिति २०७८/०९/१७ hygiene and hospitality सम्बन्धी क्षमता विकास कार्यक्रम सम्पन्न भएको छ। |

**(झ) नीति, योजना, अनुगमन तथा मूल्यांकन**

- वि. सं. २०७८ कार्तिक २३ गते माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्ण कुमार श्रेष्ठज्यूको अध्यक्षतामा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (Ministerial Development Action Committee- MDAC) एवं चालु आ.व.२०७८/७९ को प्रथम त्रैमासिक प्रगति समीक्षा बैठक काठमाण्डौंमा सम्पन्न भयो ।उक्त बैठकमा मन्त्रालय र अन्तर्गतका निकायहरुबाट आ.व. २०७७/७८ र चालु आ.व.२०७८/७९ को प्रथम त्रैमासिक अवधिमा सम्पादित कार्यहरुको प्रगति समिक्षा गरिएको।
- मन्त्रालयको ५ वर्षे रणनीतिक कार्ययोजना तयारीको अन्तिम चरणमा रहेको ।
- आप्रवासी स्रोत केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७८ तर्जुमा भई स्वीकृतिका लागि पेश भएको ।
- सुरक्षित आप्रवासन परियोजना (सामी) को हालसम्मको प्रगतिको समिक्षा तथा भावी कार्यदिशा सम्बन्धी प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू, मन्त्रालयका अन्य पदाधिकारी तथा परियोजनाका पदाधिकारीहरुको समुस्थितिमा गण्डकी प्रदेशको पोखरामा मिति २०७८/०९/२९ र ३० गते सम्पन्न ।
- सुरक्षित आप्रवासन परियोजना (सामी) को आयोजनामा वित्तिय व्यवस्थापन सम्बन्धी प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम स्थानीय तहका लेखा प्रमुख, सम्पर्क व्यक्ति, सामीका कार्यक्रम संयोजक लगायतको सहभागितामा सम्पन्न भएको ।
- Business and Human Rights को राष्ट्रिय कार्ययोजना निर्माण गर्नका लागि विभिन्न ६ प्रदेशमा (बाग्मती प्रदेशमा बाहेक) प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको ।
- सुरक्षित आप्रवासन परियोजना (सामी) को समयावधि थप गर्न परियोजना निर्देशक समितिबाट निर्णय भई समयावधि थपको प्रारुप (Modality) तयार गर्ने कार्य भईरहेको ।
- स्वीस सरकारको सहयोगमा सञ्चालन हुने Reintegration of Returnee Migrants (REMI) को Project Document को मस्यौदा तयार भई आवश्यक कारबाहीका लागि अर्थ मन्त्रालयमा पठाईएको ।\
- वैदेशिक रोजगार नीति, २०६८ को समिक्षात्मक अध्ययनको लागि परामर्शदाता छनौटको प्रक्रिया अगाडि बढेको ।

## ८. आम्दानी, खर्च र आर्थिक कारोबार सम्बन्धी २०७८।०७९ को पुस मसान्त सम्मको अद्यावधिक विवरण

**(रकम रु. हजारमा)**

| ब.उ.शी.नं. | | विनियोजित बजेट रकम | खर्च रकम |
|---|---|---|---|
| ३७१०००११ | श्रम, रोजगार तथासामाजिक सुरक्षा मन्त्रालय | १८३४०० | ३९७९७ |
| ३७१००१०१ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३५७४०० | ४०४१ |
| ३७१००१०२ | प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ | ३६१९४०० | १५२२ |
| ३७१००१०३ | युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना | १००३९०० | २६३७६ |

## ९. रोजगार समन्वय तथा सूचनाको हक सम्बन्धी विषय:

- २०७८ साल पुस महिनामा गण्डकी प्रदेशको पोखरामा माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठज्यू समेतको समुपस्थितिमा आन्तरिक रोजगारी प्रवर्द्धनका लागि सरोकारवालासँग छलफल तथा अन्तरकृया कार्यक्रम सम्पन्न भएको ।
- २०७८ साल मंसिर महिनामा वाग्मती प्रदेशको हेटौडामा आन्तरिक रोजगारी प्रवर्द्धनका लागि सरोकारवालासँग छलफल तथा अन्तरकृया कार्यक्रम सम्पन्न भएको ।
- सूचनाको हक सम्बन्धी ऐन बमोजिम सरोकारवालाहरुबाट माग भएका सूचनाहरु उपलब्ध गराइएको ।
- मन्त्रालयको वेवसाईट सुधार गर्न एवं आन्तरिक रोजगार सम्बन्धी अध्ययन गर्ने कार्यका लागि कार्यशर्त स्वीकृती भइ परामर्शदाता छनौट गर्न प्रकृया शुरु गरिएको ।
- 'विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६' को पहिलो संधोधन गरिएको ।